नेपाल नागरिक उड्डयन प्राधिकरण

प्रधान कार्यालयको

# करारमा नियुक्ति गर्ने सम्बन्धी सूचना

सूचना नं. ३, मिति : २०८३/०५/२५

नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृत दरबन्दीमा रिक्त रहेका देहाय बमोजिमका पदहरुमा स्थायी पदपूर्ति भइ आएमा स्वतः हट्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त सुविधा सम्बन्धी नियमावली, २०५६ को नियम ४.११ बमोजिम बढीमा एक वर्षका लागि करार सेवामा नियुक्ति गर्नु पर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्राधिकरणको website: caanepal.gov.np मा रहेको Online Application Form मार्फत दरखास्त फाराम भर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

१. **माग गरिएको पदको विवरणः** वि.नं. ००१/०८३/८४ करार सेवाः प्राविधिक, समूहः ए.ट्रा.स., तहः सातौं, पदः बरिष्ठ अधिकृत ।

२. **माग पद संख्याः** १६

३. मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान वा सूचना प्रविधि (आई.टि) वा व्यवस्थापन वा इन्जिनियरिङ्ग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र प्राधिकरणबाट मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना अवधिको आधारभूत एयर ट्राफिक सर्भिसेज तालिम प्राप्त।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८३/०५/३१

५. **परीक्षाको किसिमः** लिखित परीक्षा तथा अन्तर्वार्ता ।

६. **लिखित परीक्षाको पाठ्यक्रमः** सेवा सम्बन्धी १०० पूर्णाङ्कको लिखित परीक्षा संचालन हुनेछ। साथै पाठ्यक्रम प्राधिकरणको Website https://caanepal.gov.np/ बाट हेर्न सकिनेछ।

७. **लिखित परीक्षाको मितिः** २०८३ आश्विन ०१ गते विहान ८:०० बजे ।

८. **परीक्षा केन्द्रः** नेपाल नागरिक उड्डयन प्राधिकरण प्रधान कार्यालय, सिनामंगल ।

९. **दरखास्त दस्तुरः** रु. १२००।— (बाह्र सय)।

१०. **अनलाईन मार्फत दरखास्त दिने र दस्तुर बुझाउने विधिः** प्राधिकरणको website मा रहेको Online Job Application प्रणालीमा आफूले चाहेको विज्ञापन छनौट गरी Apply Now Click गर्ने र सो पश्चात User Registration गरी विज्ञापनसँग सम्बन्धित सम्पूर्ण विवरण भरी तोकिएको दरखास्त दस्तुर Online Recruitment System को कुनै एक Payment Gateway मार्फत भुक्तानी गरी दरखास्त दिन सकिनेछ । रीत नपुगी पेश भएका दरखास्त फाराम जुनसुकै बेला रद्द गर्न सकिनेछ ।

११. **उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष उमेर पूरा भै पुरुषको हकमा ३५ वर्ष र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको ।

१२. **काम गर्नुपर्ने स्थानः** प्राधिकरण अन्तर्गतका विमानस्थल कार्यालयहरु ।

१३. **तलब सुविधाः** प्राधिकरणको नियम अनुसार ।

१४. दरखास्त फारामसाथ नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्ताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र (उमेर खुलेको), आफूले प्राप्त गरेको एयर ट्राफिक सर्भिसेस सम्बन्धी आधारभूत तालिमका प्रमाणित प्रतिलिपिहरुका साथै सम्बन्धित पदको दरखास्त दस्तुर बुझाएको नगदी रसिद समेत संलग्न गर्नुपर्नेछ ।

१५. विदेशी वोर्डबाट उत्तीर्ण भै शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाण संलग्न गर्नुपर्नेछ ।

१६. यस सम्बन्धमा थप जानकारी चाहिएमा प्राधिकरण प्रधान कार्यालयको प्रशासन विभागको फोन नं. ०१ ५७१८०१४ (Ext २३०) मा बुझ्न सकिनेछ ।